आज मिति २०८० साल चैत्र २६ गते सोमबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ३७औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | मान बहादुर खड्का | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| २६. | जि. वडाअध्यक्ष | मदेनपा वडा नं.१ | रसिता दुलाल वास्कोटी | | |

## २०८०।१२।२६ गतेको नगर कार्यपालिकाको ३७औं बैठकका निर्णयहरु

**एजेन्डाहरू**

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा।

२. प्रशासनिक भवन उद्घाटन तथा पूर्वाधार स्तरोन्नति कार्यक्रम भुक्तानी अनुमोदन सम्बन्धमा।

३. चाखोला नदिको ROW निर्धारण र सिमाना छुट्याउने सम्बन्धमा।

४. व्यवसाय दर्ता अभियान निर्देशिका, २०८० (यसै साथ संलग्न गरिएको) स्विकृत तथा व्यवसाय दर्ता शिविर सञ्चालन सम्बन्धमा।

५. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमाः

| क्र.स. | घ वर्गको निर्माण व्यवसायिक माग गर्ने कम्पनीको नाम | ठेगाना | संस्थापकको नाम |
|---|---|---|---|
| १. | यमबुद्ध कन्स्ट्रक्सन एण्ड सप्लायर्स | म.दे.न.पा-७ | बसन्त सापकोटा र सुमन कुमार श्रेष्ठ |
| २. | दिवाज बिल्डर्स एण्ड सप्लायर्स | म.दे.न.पा-१ | दिपक वस्ताकोटी |
| ३. | विनायक कन्स्ट्रक्सन | म.दे.न.पा-७ | सन्जय श्रेष्ठ |
| ४. | मैना प्लानर एण्ड सप्लायर्स | म.दे.न.पा-६ | मुना गौतम |

६. बाटो ग्राभेल सम्बन्धी विविध योजना (वडा नं. १, ८, १० र १२) को भुक्तानी सम्बन्धमा।

७. आ.व. २०८१/०८२ को पूर्व योजना तर्जुमा प्रस्तुतीकरण (प्र.प्र.अ.) सम्बन्धमा।

८. मण्डनदेउपुर नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धीः

क. मेडिकल अधिकृतको अतिरिक्त सुविधा एवम् थप मेडिकल अधिकृत पदपुर्ति सम्बन्धमा।

ख. अस्पतालको आन्तरिक लेखा परिक्षण सम्बन्धमा।

ग. अस्पतालको लागि प्रसुती वेड व्यवस्थापन (गैह्रिविसौना स्वास्थ्य चौकीमा रहेको) सम्बन्धमा।

घ. अस्पताल सञ्चालन खर्चबाट एक्सरे रुम लगायतका कक्षहरुको व्यवस्थापन सम्बन्धमा।

९. दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम) लाई झोलुङ्गे पुल निर्माणका लागि कार्यदेश दिने सम्बन्धमा।

१०. नगर प्रोफाईल अन्तर्गत धरधुरी सर्वेक्षणको लागि जिम्मेवारी तोक्ने सम्बन्धमा।

११. ईश्वरीय मार्ग भजन मण्डली सच्चाई केन्द्रलाई कार्यक्रमका लागि अनुदान दिने सम्बन्धमा।

१२. मेलम्ची इन्द्रावती ह्युम पाइप अनुमती सम्बन्धमा।

१३. मेलम्ची एण्ड इन्द्रावती स्टोन प्रा.लि. अनुमती सम्बन्धमा।

१४. मनमती मन्दिर निर्माण भुक्तानी सम्बन्धमा।

१५. दोलालघाट महोत्सव सम्बन्धमा।

१६. श्री पञ्चकन्या महिला बहुउद्देश्यीय सहकारी संस्थाको सेफ हाउस सम्बन्धमा।

१७. देउपुर प्रहरी चौकी सिपाघाटको मर्मत सम्भार सम्बन्धमा।

१८. नेपाल रेडक्रस सोसाइटी महादेवस्थान उप-शाखाद्वारा सञ्चालित एम्बुलेन्स सम्बन्धमा।

१९. नेपाल रेडक्रस सोसाइटी चण्डेनी-मण्डन उप-शाखाको कार्यालय व्यवस्थापन तथा कार्यक्रम सञ्चालन बजेट व्यवस्थापन सम्बन्धमा।

२०. एकल महिलाहरुको लागि तालिम सम्बन्धमा।

टीक बहादुर वाईबा
नगर प्रमुख

२१. फोहोरमैला व्यवस्थापनको लागि जग्गा व्यवस्थापन सम्बन्धमा।

२२. कृषि विकास शाखाका कार्यक्रम सम्बन्धमा:

| कार्यक्रमको नाम | कार्यक्रमको एजेण्डा |
|---|---|
| संघीय सशर्त अनुदान कृषि तथा पशुपंक्षी बजारीकरणका लागि कृषि एम्बुलेन्स | कृषि तथा पशुपंक्षी बजारीकरणका लागि कृषि एम्बुलेन्स खरिद कार्यक्रमको लागि कार्यविधि बमोजिमको गाडी खरिद गर्न र भन्सार छुटको लागि अर्थ मन्त्रालयमा पत्र पेश गर्नुपर्ने भएकोले |
| संघीय सशर्त अनुदान साना सिंचाई प्रवर्द्धन कार्यक्रम | साना सिंचाई प्रवर्द्धन कार्यक्रमको लागि कार्यविधि बमोजिम साना सिंचाइ पूर्वाधार निर्माण/स्तरोन्नति तथा मर्मत सुधार, सिंचाई पोखरी निर्माण, प्लास्टिक पोखरी निर्माण र सिँचाई पाइप वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिने हुँदा उल्लेखित कार्यक्रम सञ्चालनको लागि कार्यक्रमको क्षेत्र निर्धारण र उपयुक्त कार्यक्रम छनौट गर्नुपर्ने भएकोले |
| संघीय सशर्त अनुदान शित भण्डार निर्माण कार्यक्रम | शित भण्डार निर्माण कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले |
| आ.व. २०७९/८० मा स्थापना भएको आलुबाली पकेट विकास कार्यक्रमको निरन्तरता | आलुबाली पकेट विकास कार्यक्रमको लागि गत आ.व. २०७९/८० मा वडा नं. ६, ७, ९ र ११ स्थापना भएको ४ वटै पकेटहरुमा कार्यक्रम सञ्चालन गर्न विनियोजित बजेट रकम पर्याप्त नहुने देखिएकोले ४ वटा पकेटहरुमध्ये बढीमा २ वटा पकेट छनौट गरिनुपर्ने देखिएकोले |
| प्लास्टिक पोखरी निर्माण कार्यक्रमका लागि प्लास्टिक खरिद तथा वितरण कार्यक्रम | प्लास्टिक पोखरी निर्माण कार्यक्रमका लागि सूचना प्रकाशन गरी आवेदनहरु संकलन भईसकेको हुँदा कार्यक्रम अगाडि बढाउने वा नबढाउने सम्बन्धमा निर्णय गर्नुपरेकोले |

२३. शिक्षा शाखाको कार्यक्रम सम्बन्धमा:

| प्रस्ताव | कार्यक्रम माग/ सञ्चालन हुने | प्रस्ताव सम्बन्धी व्यवस्था |
|---|---|---|
| शैक्षिक सत्र २०८१ को भर्ना अभियान | सबै सामुदायिक र संस्थागत विद्यालयहरु | शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०८०।१२।१८ गतेको भर्ना अभियान सम्बन्धी अनुरोध पत्रानुसार सबै बालबालिकाको विद्यालयमा सहभागिता गुणस्तरीय शिक्षा प्रासिको सुनिश्चितता भन्ने नाराका साथ बैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्न |

२४. विविध।

## निर्णयहरु

### निर्णय नं.१

नगर कार्यपालिकाको मिति २०८०/११/२६ गतेको ३६[औं] नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्य प्रगतीको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समिक्षा गरियो।

दीपक बहादुर वाईबा
नगर प्रमुख

निर्णय नं.२

मण्डनदेउपुर नगरपालिकाको ७औं स्थापना दिवस तथा नगर प्रशासनिक भवन उद्घाटन समारोहका क्रममा सञ्चालन भएका विविध कार्यक्रम तथा पूर्वाधार स्तरोन्नति सम्बन्धि योजनाहरु सम्पन्न पश्चात भुक्तानी गरिएकोमा सम्पुर्ण भुक्तानीहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.३

मण्डनदेउपुर नगरपालिकाको विभिन्न वडाहरु भएर बग्ने चाखोला नदिले हरेक वर्षातको समयमा नदिले धार परिवर्तन गरी नदि कटान गर्ने तथा आसपासका खेतीयोग्य जमिन डुवान गर्ने गरेकोले व्यवस्थित नदि तटबन्द गरी नदि नियन्त्रण गर्ने कार्यका सर्वप्रथम नदिको बहाब क्षेत्र (Right of Way) एकीन गर्नुपर्ने भएकोले २०३१ सालको जग्गा नापी बमोजिम नदिको बहाब क्षेत्र लाइ मूख्य आधार मानी सोही नापी बमोजिमको बहाब क्षेत्र नघट्ने गरी नदिको बहाब क्षेत्र कम्तिमा ३० (तिस) मिटर कायम गरी सम्बन्धित वडाका जनप्रतिनिधिहरुको उपस्थितिमा नदि नक्साङ्कनका लागि नदिको केद्रबाट दुबै तर्फ बराबर दुरी कायम गरी नदि नक्साङ्कन गर्ने निर्णय गरियो। साथै, चाखोला नदिको नदि कटान रोक्न तथा आवश्यक तटबन्ध गर्न तत्काल आवश्यक कार्य गर्ने तथा पक्कि/स्थायी नदि तटबन्ध निर्माणका लागि आवश्यक बजेट व्यवस्थापनका लागि सङ्घीय सरकार र बागमती प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ४

मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्र विभिन्न व्यवसायहरु दर्ता नगरी सञ्चालन भईरहेको पाइएकोले सञ्चालनमा रहेका व्यवसायहरु प्रचलित कानून बमोजिम दर्ता गर्न तथा अन्य निकायमा दर्ता भइ नगरपालिकामा विवरण पेश नगरेका व्यवसायहरुलाइ नगरपालिकामा दर्ता/सूचिकृत गर्ने गराउने सम्बन्धमा व्यवसाय दर्ता शिविर सञ्चालन गर्ने योजना बमोजिम व्यवसाय दर्ता शिविर कार्यलाई आवश्यक नितिगत व्यवस्थाका लागि पेश भएको व्यवसाय दर्ता अभियान निर्देशिका, २०८० (कार्यपालिका बैठकको एजेण्डासँगै पेश भएको) स्विकृत गर्ने निर्णय गरियो तथा कार्यालयले निर्माण गरेको व्यवसाय दर्ता शिविर सञ्चालन कार्यतालिका बमोजिम दर्ता शिविर सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं.५

विभिन्न निकायमा दर्ता कायम भएका देहायका फर्म/कम्पनीहरुले 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रको माग गरेकोमा पेश गरेका प्रस्तावहरुको मण्डनदेउपुर नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (२) बमोजिम गठित प्राविधिक जाँचबुझ तथा सिफारिस समितिको सिफारिस निर्णय बमोजिम ऐ. कार्यविधिको ऐ. दफाको उपदफा (४) बमोजिम 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

| क्र.स. | घ वर्गको निर्माण व्यवसायी माग गर्ने फर्म/कम्पनीको नाम | ठेगाना | प्रोपाइटरको नाम |
|---|---|---|---|
| १. | यमबुद्ध कन्स्ट्रक्सन एण्ड सप्लायर्स | म.दे.न.पा-७ | बसन्त सापकोटा र सुमन कुमार श्रेष्ठ |
| २. | दिवाज बिल्डर्स एण्ड सप्लायर्स | म.दे.न.पा-१ | दिपक वस्ताकोटी |
| ३. | विनायक कन्स्ट्रक्सन | म.दे.न.पा-७ | सन्जय श्रेष्ठ |
| ४. | मैना प्लानर एण्ड सप्लायर्स | म.दे.न.पा-६ | मुना गौतम |

निर्णय नं.६

मण्डनदेउपुर नगरपालिकाको वडा नं. १,८,१० र १२ मा विभिन्न मितिमा बाटो सरसफाई गर्ने कार्य सम्पन्न भएकोमा उक्त बाटो सरसफाई गर्ने कार्यको प्राविधिक मूल्याङ्कन तथा नगरस्तरीय अनुगमन समतिको अनुगमन प्रतिवेदन समेतका आधारमा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं.७

मण्डनदेउपुर नगरपालिकाको आगामी आ.व. २०८१/०८२ योजना तर्जुमा सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत पूर्व योजना तर्जुमा सम्बन्धी प्रस्तुतीकरण बमोजिम नगरपालिकाको आ.व. २०८१/०८२ को योजना तर्जुमा कार्य सम्पन्न गर्ने निर्णय गरियो।

निर्णय नं.८

मण्डनदेउपुर नगरपालिका अन्तर्गतको नगर आधारभुत अस्पतालको सञ्चालन व्यवस्थापन सम्बन्धमा देहायका निर्णय गरियो।

क. नगर आधारभुत अस्पतालमा कार्यरत मेडिकल अधिकृतहरुको कार्यवोझलाई मध्यनजर गरी खाइपाई आएको तलबको पचास प्रतिशत बराबरको अतिरिक्त सेवासुविधा प्रोत्साहन स्वरुप उपलब्ध गराउने। साथै, नगर अस्पतालमा दरवन्दि कायम रहेको मेडिकल अधिकृत संख्या दुईमा एक पद रिक्त रहेकोले रिक्त पदमा तत्काल पदपुर्ति प्रकृया अगाडि बढाउने।

ख. नगर अस्पतालको आन्तरिक लेखापरिक्षण गर्न नगरपालिकाका आन्तरिक लेखा परिक्षकलाई खटाउने।

ग. मण्डनदेउपुर नगरपालिका अन्तर्गत वडा नं. ५ मा रहेको गैहिविसौना स्वास्थ्य चौकी (साविक गैहिविसौना देउपुर गा.वि.स.को स्वास्थ्यचौकी) मा विगतमा प्रसुती सेवा सञ्चालनमा रहेकोमा हाल नगर आधारभुत अस्पतालबाट प्रसुती सेवा सञ्चालन भइरहेकोले गैहिविसौना स्वास्थ्य चौकीमा रहेको तर प्रयोगमा नरहेको प्रसुती वेड नगर अस्पतालमा आवश्यक परेकोले नगर अस्पतालमा ल्याउने।

घ. नगर अस्पतालमा एक्सरे रुम लगायतका कक्षहरुको व्यवस्थापन गर्न आवश्यक भएकोले प्राविधिक नापजाँच गरी कक्षहरुको व्यवस्थापन गर्ने र सो कार्यका लागि अस्पताल सञ्चालन खर्च शिर्षकबाट वित्तीय स्रोत व्यवस्थापन गर्ने।

निर्णय नं.९

मण्डनदेउपुर नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण गर्न माग संकलन गर्ने तथा संकलित माग बमोजिम विस्तृत अध्ययनका लागि दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम) लाई विगत वर्षहरुमाझैं कायदिश प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.१०

मण्डनदेउपुर नगरपालिकाको डिजिटल नगर पार्श्वचित्र (नगर प्रोफाइल) निर्माण गर्ने कार्यका लागि टोल/वडास्तरीय घरधुरी सर्वेक्षणका क्रममा बस्तुगत, तथ्यपरक र यथार्थ तथ्याङ्क संकलनको सुनिश्चितताका लागि वडा समितिका पदाधिकारीहरुको अनिवार्य परिचालनको व्यवस्था मिलाउन वडा समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

टेक बहादुर वाईबा
नगर प्रमुख

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिका
बागमती प्रदेश
२०७२

निर्णय नं.११
एजेण्डा नं. १० देखी २० तथा २२ देखी २४ सम्मका एजेण्डाहरु उपर कुनै कार्वाही नगर्ने तथा एजेण्डा नं. २१ उपर छलफल गर्दा नगरपालिकाको शहरी फोहोर प्रशोधन तथा प्राङ्गारिक मल उत्पादन केन्द्र मण्डनदेउपुर नगरपालिका वडा नं. ७ र ९ को सिमा सोते खोल्सामा निर्माण सम्भाव्यताका लागि प्राविधिक-सामाजिक अध्ययन गर्ने साथै प्राविधिक-सामाजिक रुपले सम्भाव्य देखिएमा उक्त स्थानमा नगरपालिकास्तरीय शहरी फोहोर प्रशोधन तथा प्राङ्गारिक मल उत्पादन केन्द्र निर्माण गर्ने निर्णय गरियो।

दीपक बहादुर वाईबा
नगर प्रमुख

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
२०७३